आज मिति २०८१।०२।०२ गते बुधबार दिनको १:०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र वहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम वहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०८१।०२।०२

**बैठकका प्रस्तावहरु:**

१. योजनाहरुको म्याद थप सम्बन्धमा।
२. सेवा परामर्श खरिद गर्ने सम्बन्धमा ।
३. रेल विभागबाट नदिजन्य निर्माण सामाग्री उपलब्ध गराइदिने सम्बन्धमा ।
४. सडक मर्मत कार्य गर्ने सम्बन्धमा ।
५. नेपाल प्रहरी विशेष सुरक्षा गणबाट जस्ता र भाडावर्तन उपलब्ध गराई दिने सम्बन्धमा ।
६. ईलाका प्रशासन कार्यालय (सेवा केन्द्रं) संचालन सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ माथि छलफल गर्दा मिथिला नगरपालिकाको १२औं नगर सभा र १३औं नगर सभा (हिउँदे अधिवेशन)बाट आ.व.२०८०/०८१ को स्वीकृत योजनाहरुको सम्झौता गर्नका लागि २०८१ साल जेष्ठ १७ गतेसम्म सम्झौताका लागि म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.२) प्रस्ताव नं.२ माथि छलफल गर्दा मिथिला नगरपालिकाको १२औं नगर सभा र १३औं नगर सभा (हिउँदे अधिवेशन)बाट आ.व.२०८०/०८१ को स्वीकृत योजनाहरुको संचालन गर्न कठिनाई भएकाले सेवा परामर्श शिर्षकबाट खर्च लेखिने गरी सम्बन्धित विषयको परामार्शदाता खरिद गरी योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ माथि छलफल गर्दा रेल विभागको प.स.०८०/०८१ च.नं.४५१ मिति २०८१/०१/३१ गते पत्रबाट नदिजन्य निर्माण सामाग्री उपलब्ध गराइदिने सम्बन्धमा माग भएकोमा उक्त निर्माण कार्य गर्नका लागि यस नगरपालिकाको IEE प्रतिवेदन अनुसार आर्थिक वर्ष ०८०/०८१ को लागि मात्र रेल विभागलाई सहमति दिई बर्दिवास नगरपालिकासंग सहमति/सहकार्य गरी दिने निर्णय गरियो।

निर्णय नं.४) प्रस्ताव नं.४ माथि छलफल गर्दा मिथिला नगरपालिका क्षेत्र भित्र सडक मर्मत कार्य गर्नका लागि यस नगरपालिकाको IEE प्रतिवेदन अनुसार तोकीएको परिमाण भित्र रही नगरपालिकाका विभिन्न वडाहरुमा सडक मर्मत गर्न नगरपालिकाबाट वजेट विनियोजित नभएका योजनाहरुलाई मात्र मर्मत गर्ने दिने निर्णय गरियो ।

निर्णय नं.५) प्रस्ताव नं .५ माथि छलफल गर्दा नेपाल प्रहरी विशेष सुरक्षा गणबाट जस्ता र भाडावर्तन उपलब्ध गराई दिन माग भएकोमा यस नगरपालिकाको मर्मत सम्भार शिर्षकबाट रु.३,००,०००/००(अक्षेरुपी तिन लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.६) प्रस्ताव नं.६ माथि छलफल गर्दा ईलाका प्रशासन कार्यालय (सेवा केन्द्र) संचालनका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ माथि छलफल गर्दा मिथिला नगरपालिकाको नगर शिक्षा कोषबाट खर्च हुने गरी तपसिल अनुसारका रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. All In One किताव खरिद गर्नका लागि रु १,६०,०००।००(अक्षरुपी एक लाख साठी हजार मात्र)
२. क्यालेन्डर छपाई तथा निर्माणका लागि रु १,६०,०००।००(अक्षरुपी एक लाख साठी हजार मात्र)